# श्री माग्दी मरौटे सामुदायिक वन उपभोक्ता समूह

## मालिका ७, घमिर, गुल्मी

## बोलपत्रद्वारा काठ लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१२**

यस सामुदायिक वन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.व. २०८१/०८२ मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। साथै संक्षिप्त सूचना मिति २०८२।०२।१२ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ।

(१) वन पैदावारको विवरण

| क्र.स. | लट नं. | जात | ग्रेड | थान | कुल परिमाण (क्यु.फि.) | न्युनतम मुल्य प्रति क्यु.फिट | न्युनतम मुल्यांकन | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खोटेसल्ला | A | ५ | ८३.९९ | २५०.०० | २०९९७.५० | प्रति क्यु.फिट रु. १२५ |
| | | खोटेसल्ला | B | २५४ | १८५२.४२ | १५०.०० | २७७८६३.०० | |
| जम्मा | | | | | १९३६.४१ | | २९८८६०.५० | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०३/०१ (ख) समय :- दिनको ठीक ५.०० वजे सम्म।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०३/०२ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

(४) बोलपत्र फारम प्रति लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय, गुल्मीबाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य वैक, गुल्मीमा रहेको चल्ती खाता नं. ३०१०१००३४२७८००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा बैंक जमानत पेश गरेको हुनु पर्ने छ। नगद धरौटी मान्य हुने छैन।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(७) लिलाममा भाग लिन ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सवै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त भए पछि मिति २०८२/०३/०४ गते दिनको १.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट खोलिनेछ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्य समितिमा हुनेछ।

(१२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ।

(१३) बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला वेग्लै खरिद गरी दाखिला गर्दा पनि वेग्ला वेग्लै खाममा शिलबन्दी गरी खामको बाहिर प्रष्ट नम्बर उल्लेख गरेको हुनुपर्नेछ।

(१४) सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका सर्त संबन्धमा कुनै विवाद स्वतः अमान्य हुनेछ।

(१५) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला।

(१६) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन।

(१७) अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।